नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# मुस्ताङ भन्सार कार्यालय

## नेचुङ, मुस्ताङ

फोन नं.: ०६९-४४०३८८

### भन्सार नियमावली, २०८३ को नियम ८५ को उपनियम (१) बमोजिम दुई पाङ्ग्रे (मोटरसाइकल) सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

(पहिलोपटक प्रकाशित सूचना मितिः२०८३/०४/१२)

विभिन्न निकायबाट चोरी पैठारीको अभियोगमा कब्जामा लिई प्रतिवेदनसाथ यस कार्यालयमा दाखिला भई जफत भएका तपसिलमा उल्लेख भए बमोजिमका यातायात व्यवस्था कार्यालयमा दर्ता हुने र दर्ता नहुने दुई पाङ्ग्रे (मोटरसाइकल) सवारी साधनहरुको भन्सार नियमावली, २०८३ को नियम ८५ को उपनियम (१) बमोजिम जे जस्तो अवस्थामा छन सोहि अवस्थामा गोप्य सिलवन्दी बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न शर्तमा गोप्य सिलवन्दी बोलपत्र आव्हान गरिएको छ। बोलपत्र फाराम जोमसोम स्थित यस कार्यालयबाट खरिद गर्न सकिनेछ। थप विवरण बुझ्नुपर्ने भएमा मुस्ताङ भन्सार कार्यालयमा सम्पर्क राख्न सकिने र यस कार्यालयको वेभसाइट mustang.customs.gov.np तथा भन्सार विभागको वेभसाइट customs.gov.np मा समेत हेर्न सकिनेछ।

**तपसिल**

**यातायात व्यवस्था कार्यालयमा दर्ता हुने गरी लिलाम बिक्री गरिने दुई पाङ्ग्रे (मोटरसाइकल) सवारी साधनहरु**

| सि. नं. | मुद्दा नं. र आ.व. | सवारी साधनको नाम | चेसिस नम्बर | इन्जिन नम्बर | रङ | उत्पादन वर्ष | क्षमता सी.सी. | न्यूनतम मूल्य रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २-८०/८१ | Lifan | LF3PCK0J8NS003364 | 162FMJ-2P*N1232291* | Red | 2022 | 150 | ५०,००० | १००० |
| २ | २-८०/८१ | Xinguizun | XGZYCNLE3PC006417 | ZH165FMM*HP606417 | Black/ White | 2023 | 250 | १,१०,००० | १००० |
| ३ | ३-८०/८१ | Kolesa | LTLYCNL03K0508784 | 165FMM/HK808784 | White | 2019 | 250 | ७५००० | १००० |
| ४ | ३-८०/८१ | Lifan | LF3PCM6P6KS002393 | 163FM-2PK1158979 | Red | 2019 | 200 | ४०,००० | १००० |
| ५ | ३-८०/८१ | Lifan | LF3PCM6P8KS004386 | 163FML-2PK1306279 | Red | 2019 | 200 | ४०,००० | १००० |
| ६ | ३-८०/८१ | Lifan | LF3PCMGP1JA000845 | 163FML-2PJ1702524 | Red | 2018 | 200 | ३०,००० | १००० |

**यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरी पत्रु (SCRAP) को रुपमा) लिलाम बिक्री गरिने दुई पाङ्ग्रे (मोटरसाइकल) सवारी साधनहरु**

| सि. नं. | मुद्दा नं. र आ.व. | सवारी साधनको नाम | चेसिस नम्बर | इन्जिन नम्बर | रङ | क्षमता सी.सी. | न्यूनतम मूल्य रु. | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | २-८०/८१ | Lifan | LF3PCMGP2FA001011 | 163FML-2P*F2241063 | Green | 200 | ४२,००० | १००० | SCRAP |
| | २-८०/८१ | Yingang | LY4YBCKC1G8000979 | 163FML-2P*F1414804* | Red | 150 | | | |
| | ३-८०/८१ | Lifan | LF3PCMGPXFA001144 | 163FML-2PF2241071 | Orange | 200 | | | |

**शर्तहरु**

१) बोलपत्रको सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र जोमसोम स्थित नेपाल बैंक लि. शाखामा राजस्व शीर्षक नं.१४२२९, कार्यालय कोड नं.३०५०३४१०१ र खाता नं.००१०१०००००००१००१००१ मा तोकिएको दस्तुर दाखिला गरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न

सकिनेछ। बोलपत्र खरिद गर्दा प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा फर्म/कम्पनी/संस्थाको हकमा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

२) माथि उल्लिखित दुई पाङ्ग्रे (मोटरसाइकल) सवारी साधनहरु मध्ये सि.नं. ७ मा उल्लिखित सवारी साधनहरु पत्रु (SCRAP) को रुपमा लिलाम बिक्री गरिने भएकोले लिलाम सकार गर्ने फर्म/कम्पनि/संस्थाले यस कार्यालयका कर्मचारीको रोहवरमा आफ्नै खर्चमा पुनः सवारी साधनको रुपमा प्रयोगमा आउन नसक्ने गरी चेसिस तथा इन्जिन नम्बरहरु काटेर टुक्रा पारी पत्रु बनाई लैजानुपर्नेछ। यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरी पत्रु (SCRAP) मा लिलाम बिक्री गरिने सवारी साधनहरु कवाडीको कारोवार गर्ने/मोटर पार्टसको कारोवार गर्ने/दुई पाङ्ग्रे सवारी साधनहरुको रिकण्डिसन सम्बन्धि कारोवार गर्ने फर्म/कम्पनी/संस्थाले मात्र बोलपत्र खरिद गर्न सक्नेछन।

३) आफूले कबोल गरेको अङ्कको दश प्रतिशतले हुने रकम जोमसोम स्थित नेपाल बैंक लिमिटेडको शाखामा रहेको KA 2..3-KO LE NI KA MUSTANG DHARAUTI नामको खाता नं. ०६८०१०००००२००३००००१, कार्यालय कोड नं.३०५०३४१०१ मा जम्मा गरी सोको सक्कल भौचर बोलपत्र फारामसाथ पेश गर्नुपर्नेछ।

४) कार्यालयबाट बोलपत्र जसको नाममा खरिद भएको हो सोही व्यक्ति, फर्म, कम्पनी वा संस्थाले मात्र पेश गर्न पाउनेछ। अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थाले पेश गरेमा बोलपत्र रद्द हुनेछ।

५) बोलपत्रमा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। सच्याइएको वा केरमेट गरेको ठाउँमा आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ। साथै अङ्क अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६) बोलपत्र सोह्रौं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। वोलपत्र दर्ता गर्दा सिलबन्दी खाम वाहिर लिलाम सम्बन्धी प्रकाशित सूचनामा उल्लिखित सि.नं. तथा मुद्दा नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। साथै प्रत्येक सि.नं. को सवारी साधनको लागि छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्नुपर्नेछ। सोह्रौ दिनको दिउसो १२:०० बजेभित्र दर्ता हुन आएका बोलपत्रहरु सोहि दिन दिउसो १:०० बजे (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा) बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा जोमसोम स्थित मुस्ताङ भन्सार कर्यालयमा खोलिने छ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

७) बोलपत्रमा सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाको आधिकारिक व्यक्तिले आफ्नो पुरा नाम थर लेखि सही छाप गरेको हुनुपर्नेछ।

८) इच्छुक व्यक्ति/फर्म/कम्पनि/संस्थाले सवारी साधन हेर्न चाहेमा सूचना प्रकाशित भएको पन्ध्र दिनभित्र कार्यालय समयभित्र जोमसोम स्थित मुस्ताङ भन्सार कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ।

९) तुलनात्मक विवरण वा मुचुल्काको आधारमा रीत पुगेको मध्ये सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति/फर्म/कम्पनी/संस्थाको कबोल अङ्क स्वीकृत गरिनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# मुस्ताङ भन्सार कार्यालय

## नेचुङ, मुस्ताङ

फोन नं.: ०६९-४४०३८८

१०) कबोल अङ्क स्वीकृत गर्दा रीतपूर्वक भएको र न्यूनतम मूल्यभन्दा बढी अङ्क कबोल गर्ने व्यक्ति/फर्म/कम्पनी/संस्था एकभन्दा बढी भएमा सबैभन्दा बढी अङ्क कबोल गर्नेको कबोल अङ्क स्वीकृत गरिनेछ।

११) कबोल गरेको रकम समान भएमा उक्त व्यक्ति/फर्म/कम्पनी/संस्थावीच गोलाप्रथाद्वारा निर्णय गरिनेछ।

१२) कबोल अङ्क स्वीकृत भएको जानकारी यस कार्यालयको सूचनापाटीमा सूचना टाँस गरी गरिनेछ। लिलाम सकार गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले स्वीकृत भएको मितिबाट ७ दिनभित्र कबोल गरेको रकममा प्रचलित कानून बमोजिम लाग्ने मू.अ. कर तथा सडक निर्माण दस्तुर बुझाइ सवारी साधन उठाई लैजानुपर्नेछ। दुई पाङ्ग्रे (मोटरसाइकल) सवारी साधनको प्रति गोटा रु.१८०००/- सडक निर्माण दस्तुर लाग्नेछ।

१३) कबोल अङ्क स्वीकृत भएको व्यक्ति/फर्म/कम्पनी/संस्थाले तोकिएको म्यादभित्र वस्तु उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी न्यूनतम मूल्य भन्दा बढी कबोल गर्ने र रीतपूर्वक भएको क्रमशः दोस्रो, तेस्रो वा वा चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गरिनेछ।

१४) लिलाम सकार गरेको दुई दुई पाङ्ग्रे (मोटरसाइकल) सवारी साधनहरु यातायात व्यवस्था कार्यालयमा दर्ता गर्दा प्रचलित कानून बमोजिम लाग्ने कर/दस्तुर दाखिला गरी दर्ता गर्ने दायित्व सकारकर्ताकै हुनेछ।

१५) कुनै शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

१६) यस सूचनामा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०८३/०४/१२